आज मिति २०८३-०३-०२ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | भिमार्जुन भुसाल | प्र.प्र.अ. | छत्रदेव गा.पा.४ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

CamScanner

कार्यपालिका बैठक संख्याः- १८

मिति २०८३/०३/०२ गतेको बैठक

प्रस्तावहरुः-

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्वन्धमा।

२. एकल पुरुष भत्ता भुक्तानी सम्बन्धमा ।

३. विद्यालयका कार्यालय सहयोगी खटनपटन सम्बन्धमा ।

४. सडक बाटोहरुमा भएका सम्पुर्ण सामानहरु हटाउने तथा जरिवाना गर्ने सम्वन्धमा ।

५. बाँझकटेरी स्वास्थ्यचौकीको उपकरण खरिद तथा पुँजीगत सुधार कार्यक्रम सम्बन्धमा ।

६. प्रधानाध्यापक व्यवस्थापन तथा विद्यालय समायोजन कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।

७. अग्लुङ्गको रघुफेदी प्रतिमा निमा मा.वि को होस्टेल व्यवस्थापन रकम भुक्तानी सम्बन्धमा ।

८. गाउँपालिकामा कार्यान्वयनमा रहेका योजनाहरुको म्याद थप सम्बन्धमा ।

९. आर्थिक सहायता सम्बन्धमा ।

१०.टोप्रे गुफा सम्बन्धमा ।

११.विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

निर्णयहरुः-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०२/१४ गते बसेको कार्यपालिका बैठकमा जनसेवा आ.वि. पुर्वाधार निर्माण योजना अन्तर्गत फर्निचर तथा फिक्चर्स खरिद सम्वन्धमा, वार्षिक विकास कार्यक्रम प्राथमिकता निर्धारण सम्बन्धमा, वार्षिक विकास कार्यक्रमको मार्गदर्शन निर्धारण सम्बन्धमा, बजेट सिलिङ्ग सम्बन्धमा, नीति तथा कार्यक्रम सम्बन्धमा र नगद मौज्दात हिसाब मिलानका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, तम्घासलाई सिफारिस गर्ने सम्बन्धमा समिक्षा गरियो ।

२. मदाने गाउँपालिकामा लागू रहेको एकल पुरुष भत्ता कार्यविधि बमोजिम योग्यता पुगेका एकल पुरुष तथा महिला लाभग्राहीहरुलाई सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत मासिक रु. ५०० (पाँच सय रुपैयाँ) का दरले आर्थिक वर्ष २०८२/०८३ को असार महिनासम्म हुन आउने भत्ता रकम एकमुष्ट भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, उक्त कार्यविधि, प्रचलित कानुन तथा स्वीकृत बजेटको परिधिभित्र रही लाभग्राहीको अभिलेख प्रमाणीकरण, भुक्तानी प्रक्रिया तथा आवश्यक समन्वय गर्ने जिम्मेवारी सम्बन्धित शाखालाई प्रदान गर्ने निर्णय समेत गरियो।

३. मदाने गाउँपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूमा जनशक्ति व्यवस्थापन तथा शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक भएकोले देहायबमोजिम कार्यालय सहयोगी कर्मचारीहरूको खटनपटन गरी सम्बन्धित विद्यालयमा कामकाजमा खटाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिलः-

मदाने गाउँपालिका वडा नं. ०२, बाँझकटेरीस्थित मदाने बालकल्याण प्रा.वि. का कार्यालय सहयोगी श्री हिमलाल भुसाल लाई सोही वडा नं. ०२, बाँझकटेरीस्थित मालिका प्रा.वि. मा काज सरुवा गरी कामकाजमा खटाउने र मदाने गाउँपालिका वडा नं. ०३, सिर्सेनीस्थित श्री तीनधारे प्रा.वि. का कार्यालय सहयोगी श्रीमती मञ्जु पौड्याल लाई सोही वडा नं. ०३, सिर्सेनीस्थित रियाले मा.वि. मा काज सरुवा गरी कामकाजमा खटाउने साथै, उक्त खटनपटन निर्णय कार्यान्वयनका लागि सम्बन्धित विद्यालय, शिक्षा शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक पत्राचार तथा समन्वय गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय समेत गरियो।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

४. मदाने गाउँपालिकाभित्रका विभिन्न सार्वजनिक सडक, सडक अधिकार क्षेत्र, खोला तथा नदी किनारामा डम्पिङ्ग गरी राखिएका बालुवा, गिट्टी, ढुंगा, माटो तथा अन्य निर्माण सामग्रीका कारण सार्वजनिक आवागमन, वातावरण तथा जनसुरक्षामा प्रतिकूल असर परेकोले त्यस्ता सामग्री तत्काल हटाउन सम्बन्धित व्यक्ति, निर्माण व्यवसायी तथा सरोकारवालाहरूलाई सार्वजनिक सूचना प्रकाशन गरी निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, सूचनामा तोकिएको समयावधिभित्र सामग्री नहटाउने व्यक्ति वा संस्थाको हकमा प्रचलित कानून तथा गाउँपालिकाका ऐन, नियम र कार्यविधिबमोजिम आवश्यक कारबाही गरी जरिवाना गर्ने तथा आवश्यक परे गाउँपालिकाले त्यस्ता सामग्री हटाई सोसँग सम्बन्धित सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुलउपर गर्ने निर्णय समेत सर्वसम्मतिले गरियो। उक्त निर्णय कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक सूचना प्रकाशन, अनुगमन तथा सम्बन्धित शाखा, वडा कार्यालय र सुरक्षा निकायसँग समन्वय गरी आवश्यक कार्यवाही अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

५. मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मदाने गाउँपालिका वडा नं. २ स्थित बाँझकटेरी स्वास्थ्य चौकीको उपकरण खरिद तथा पूँजीगत सुधार कार्यक्रमका लागि विनियोजित रु. २५,००,००० (पच्चीस लाख) बजेटमध्ये USG Machine (Printer सहित) खरिदका लागि रु. १०,००,०००, स्वास्थ्य चौकीको आवश्यक पूँजीगत सुधार तथा निर्माण कार्यका लागि रु. १०,००,००० तथा फर्निचर तथा फिक्चर्स खरिदका लागि रु. ५,००,००० खर्च गर्नुपर्ने आवश्यकता भएको तथा Sealed Quotation वा e-Bidding को लागि आवश्यक समय नरहेको तथा बजेटको शिर्षक एउटै भएको भएता पनी तिन वटा फरक फरक प्रकृतीको काम ठेक्का मार्फत गर्न असहज हुने भएको हुँदा यस विशेष परिस्थितिलाई मध्यनजर गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) बमोजिम प्रतिस्पर्धात्मक आधारमा कम्तीमा तीनवटा योग्य तथा इजाजतप्राप्त आपूर्तिकर्ताबाट मूल्यसूची (कोटेशन) माग गरी तथा सोझै खरिद विधिबाट खरिद तथा कार्य सम्पन्न गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो। उक्त कार्यका लागि आवश्यक लागत अनुमान, प्राविधिक स्पेसिफिकेशन, खरिद प्रक्रिया, सम्झौता, गुणस्तर परीक्षण, भुक्तानी तथा अन्य सम्पूर्ण कार्य प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतबाट सम्पन्न गराउने निर्णय गरियो ।

६. मदाने गाउँपालिकामा मदाने गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक तथा प्रधानाध्यापक व्यवस्थापनलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन तथा विद्यालयहरूको आवश्यकताअनुसार समायोजन प्रक्रिया सञ्चालन गर्न तयार गरिएको "प्रधानाध्यापक व्यवस्थापन तथा विद्यालय समायोजन कार्यविधि" माथि छलफल हुँदा प्रस्तुत कार्यविधिलाई आवश्यक

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

CamScanner

संशोधनसहित स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, उक्त कार्यविधि प्रचलित शिक्षा सम्बन्धी कानून, स्थानीय सरकार सञ्चालन ऐन तथा गाउँपालिकाको शिक्षा ऐन र नियमावलीबमोजिम कार्यान्वयन गर्ने तथा आवश्यक कार्यान्वयन प्रक्रिया अगाडि बढाउन शिक्षा, युवा तथा खेलकुद शाखा र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय समेत गरियो।

## मदाने गाउँपालिका प्रधानाध्यापक छनोट तथा विद्यालय समायोजन व्यवस्थापन कार्यविधि, २०८३

प्रस्तावना: मदाने गाउँपालिका भित्र प्रधानाध्यपकको नियुक्ती प्रचलित विधिद्वारा नभएको अवस्थामा मदाने गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा सक्षम, योग्य, दक्ष र शिक्षण सुधारमा बढी झुकाव भएको शिक्षकलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गरी विद्यालयको व्यवस्थापनमा सुधार गर्दै शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र मदाने गाउँपालिका शिक्षा ऐन, २०७८को दफा १३को उप दफा(२)ले दिएको अधिकार प्रयोग गरी तथा शिक्षा नियमावली, २०७८ को नियम ३७ लाई व्यवस्थित गर्न मदाने गाउँपालिकाद्वारा विद्यालयको प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मेवारी निर्वाह गरी विद्यालयको प्रमुख कार्यकारी पदाधिकारीको रुपमा नेतृत्व गर्ने प्रधानाध्यापक छनोट तथा व्यवस्थापन गर्न र विद्यालयको भौतिक दुरी विद्यार्थी संख्यालाई मध्यनजर गरी विद्यालयहरु समायोजन गर्न वान्छनीय भएकोले मदाने गाउँपालिकाले प्रधानाध्यापक छनोट तथा विद्यालय समायोजन व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ ।

परिच्छेद - १: संक्षिप्त नाम, परिभाषा र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "प्रधानाध्यापक छनोट तथा विद्यालय समायोजन व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मदाने गाउँपालिकाक्षेत्रभित्रका विद्यालयहरुमा प्रधानाध्यापक छनोट तथा विद्यालय समायोजन व्यवस्थापन गर्न लागु हुनेछ ।

(३) यो कार्यविधि मदाने गाउँपालिका कार्यपालिकाले पारित गरेको मिति देखि परिच्छेद ४ लागू हुनेछ । भने नियम २१ मिति२०८३/०५/०१ देखि लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाउँपालिका" भन्नाले मदाने गाउँपालिका, पुर्कोट दह, गुल्मी सम्झनुपर्छ ।

(२) "ऐन" भन्नाले मदाने गाउँपालिका शिक्षा ऐन, २०७८ सम्झनुपर्छ ।

मदाने गाउँपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
पश्चिमी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

(३) "नियमावली भन्नाले मदाने गाउँपालिका शिक्षा नियमावली, २०७८ सम्झनुपर्छ ।

(४) "कार्यविधि" भन्नाले प्रधानाध्यापक छनोट तथा विद्यालय समायोजन व्यवस्थापन कार्यविधि, २०८३ सम्झनुपर्छ ।

(५) "कार्यपालिका भन्नाले मदाने गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(६) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(७) "संस्थागत" विद्यालय भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(८) "विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन गर्न गठित समिति सम्झनुपर्छ ।

(९) "प्रधानाध्यापक" भन्नाले मदाने शिक्षा नियमावली, २०७८ को नियम ५३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(१०) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापकलाई सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउनेछ ।

(११) "अधिकृत" भन्नाले संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत स्थायी अधिकृत स्तरको कर्मचारीलाई सम्झनुपर्छ ।

(१२) "छनोट समिति" भन्नाले परिच्छेद २ को दफा ६ उपदफा ९ बमोजिमको प्रधानाध्यापक छनोट समितिलाई सम्झनुपर्छ ।

(१३) कामकाज भन्नाले हाल जुन विद्यालयमा पदाधिकार दरबन्दी छ उक्त विद्यालयबाट अर्को विद्यालयमा प्रधानाध्यापक वा शिक्षकको रुपमा कार्यसम्पादन गर्न खटाईएको व्यवस्थालाई सम्झनुपर्छ ।

(१४)"उपप्राध्यापक " भन्नाले मान्यता प्राप्त विश्वविद्यालयमा उपप्राध्यापक वा सो सरह वा सो भन्दा माथिल्लो पदमा कार्यरत वा अवकास प्राप्त व्यक्ति वुझ्नुपर्दछ।

<u>परिच्छेद - २: प्रधानाध्यापकको नियुक्ति</u>

३. प्रधानाध्यापक विद्यालयको प्रमुख हुने: विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा कार्य गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ। प्रधानाध्यापकले विद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय तथा प्रशासनिक उतरदायित्व वहन गर्नु पर्नेछ ।

४. सूचना प्रकाशन गर्ने:

(१) प्रधानाध्यापकको नियुक्तिका लागि छनोट समितिले १५ दिनको समयसीमा दिई दफा ६ बमोजिमको योग्यता पुगेका शिक्षकहरुलाई दरखास्त दिनका लागि सूचना प्रकाशन गर्नेछ ।

१८. सेवा सुविधाः यस कार्यविधि बमोजिमको कार्य गर्न बैठक बस्दा बैठक भत्ता बापतको पारिश्रमिक प्रचलित ऐन नियमावलीले तोके धमोजिम हुनेछ।

१९.विवरण उपलब्ध गराउनुपर्नेः-कुनै विद्यालयमा प्रधानाध्यापकको पद रिक्त भएमा वा प्रधानाध्यापकको पदावधि समाप्त भएको मितिले सात दिन त्यसको विवरण शिक्षा,युवा तथा खेलकूद शाखामा छिटो साधनबाट उपलब्ध गराउनुपर्ने छ।

२०.संक्रमण कालिन अवस्थाः यो कार्यविधि अनुसार अर्को प्रधानाध्यापकको पद पुर्ती नभएको अवस्थामा यो कार्यविधि पारित भएपछि हाल कामकाज गर्दै आएका प्रधानाध्यालाई कायममुकाम प्रधानाध्यापकको रुपमा काम गर्नेछ।

२१.प्रधानाध्यापक नियुक्तिकोलागि तोकिएको समयमा गर्नुपर्नेः माध्यमिक तहको प्रधानाध्यापकको नियुक्ति यो कार्यविधि पारित भएको मितिले ६० दिन भित्र, र माध्यमिक तहको प्रधानाध्यापकको नियुक्ति प्रक्रिया समाप्त भएको मितिले आधारभुत तह वालविकास देखि कक्षा ८ सम्म सञ्चालन भएको विद्यालयको प्रधानाध्यापकको नियुक्ति ६० दिन भित्र र आधारभुत तह वालविकास देखि कक्षा ८ सम्म सञ्चालन भएको विद्यालयको तहको प्रधानाध्यापकको नियुक्ति प्रक्रिया समाप्त भएको मितिले आधारभुत तह वालविकास देखि कक्षा ३ र ५ सम्म सञ्चालन भएको विद्यालयको प्रधानाध्यापकको नियुक्ति यो कार्यविधि पारित भएको मितिले ६० दिन भित्र नियुक्त गरिसक्नुपर्ने छ।

२२. व्याख्या गर्ने अधिकारः यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

२३. बचाउः यस कार्यविधिमा उल्लेख गरे वाहेकका विषयवस्तुहरु मदाने गाउँपालिकाशिक्षा नियमावली, २०७८ बमोजिम हुनेछ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

७. मदाने गाउँपालिका वडा नं. ०१, अग्लुङस्थित रघुफेदी प्रतिमा निमा माध्यमिक विद्यालय को होस्टेल व्यवस्थापन कार्यक्रम सञ्चालनका क्रममा रु. २८,०००/- (अक्षरूपी अठ्ठाइस हजार रुपैयाँ मात्र) बराबरको रकम अपुग भएकोले उक्त कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न गर्न गाउँपालिकाको स्वीकृत विविध खर्च शीर्षकबाट उक्त अपुग रकम भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, उक्त निर्णय कार्यान्वयनका लागि प्रचलित आर्थिक ऐन, नियम तथा वित्तीय कार्यविधिको अधीनमा रही आवश्यक प्रक्रिया पूरा गरी रकम भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय समेत गरियो।

८. मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयनमा रहेका तपसिलबमोजिमका योजनाहरु विभिन्न प्राविधिक, प्राकृतिक, प्रशासनिक तथा अन्य अपरिहार्य कारणवश तोकिएको अवधिभित्र सम्पन्न हुन नसकेको हुँदा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा गाउँपालिकाको प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी देहायका योजनाहरूको म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, म्याद थप भएका योजनाहरूको कार्यसम्पादनलाई प्रभावकारी रूपमा सम्पन्न गराउन सम्बन्धित प्राविधिक शाखा, योजना शाखा तथा प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक अनुगमन, समन्वय र प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया पूरा गरी निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय समेत सर्वसम्मतिले गरियो।

तपसिलः-

| क्र.स. | योजनाको नाम | ठेगाना | म्याद थप भएको मिति | कै. |
|---|---|---|---|---|
| १ | अतिथी गृह निर्माण योजना | मदाने-०६, पुर्कोटदह | २०८३-०९-३० | |
| २ | प्रशासकीय भवन इन्टेरियर डिजाइन योजना | मदाने-०६, पुर्कोटदह | २०८३-१२-३० | |

९. मदाने गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक रूपमा अत्यन्तै विपन्न, असहाय तथा गरिबीका कारण आवश्यक उपचार गराउन नसकेका एवं विभिन्न कारणले समस्यामा परेका देहाय बमोजिमका नागरिकहरूको अवस्था, प्राप्त निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा मानवीय संवेदनशीलतालाई मध्यनजर गर्दै गाउँपालिकाको प्रचलित ऐन, नियम तथा स्वीकृत वजेटको अधीनमा रही देहायका नागरिकहरूलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मतिले पारित गरियो।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

तपसिलः-

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | सुदिप भट्टराई | मदाने-०३ | क्यान्सर भएको | १०,०००/- | |
| २. | अनक बहादुर वली | मदाने-०४ | घाँटीको क्यान्सर भएको | ५०००/- | |
| ३. | गणेश सुनार | मदाने-०७ | खुट्टामा समस्या भएको | ५०००/- | |
| ४. | यम बहादुर खत्री | मदाने-०२ | चट्याङ्ग लागेको | ५०००/- | |
| ५. | सविता परियार दमाई | मदाने-०६ | दिर्घ रोगी भएको | ५०००/- | |
| ६. | मिना दमाई | मदाने-०२ | आगोले जलेको | ५०००/- | |
| ७. | सुरेश पन्थी | मदाने-०७ | मानसिक रोगको समस्या | ५०००/- | |
| ८. | कृष्ण बहादुर ओली | मदाने-०४ | क्यान्सरको समस्या | ५०००/- | |
| ९. | रुमा कुमारी खड्का | मदाने-०७ | दिर्घ रोगी | ५०००/- | |
| १०. | श्याम बहादुर घर्ति | मदाने-०७ | दिर्घ रोगी | ५०००/- | |
| ११. | टेक बहादुर कुँवर | मदाने-०६ | ट्याक्टर दुर्घटनामा परेको | ५०००/- | |
| १२. | टोप बहादुर नेपाली | मदाने-०६ | हर्नियाको समस्या भएको | ५०००/- | |
| १३. | टोपली भुसाल | मदाने-०२ | मोतिविन्दुको अपरेशसन गरेको | ७०००/- | |

गाउँ कार्यपालिकाको कार्यालय
पर्वतिखर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

१०.यस मदाने गाउँपालिकाको वडा नं. १, २ र ५ तथा प्यूठानको गौमुखी गाउँपालिकाको संगमस्थलमा पर्ने टोप्रे गुफा प्रवर्द्धन कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा समेत मदाने गाउँपालिकाको रु १० लाख र गौमुखी गाउँपालिकाको १० लाख गरि २० लाख लागत साझेदारी तथा उपभोक्ता समिति रु २ लाख श्रमदान हुनेगरी टोप्रे गुफा खानेपानी योजना मिति २०८२/०२/१३ गतेका पहिलो पक्ष मदाने गाउँपालिका गुल्मी र गौमुखी गाउँपालिका एवम् दोस्रो पक्ष टोप्रे गुफा खानेपानी निर्माण उपभोक्ता समितिबिच मिति २०८२/०३/१० भित्र निर्माण कार्य सम्पन्न हुने गरी सम्झौता पत्रमा हस्ताक्षर भएकोमा सोही अनुरुप योजनाको लागत इष्टिमेट, मूल्याङ्कन तथा अनुगमनको जिम्मेवारी मदाने गाउँपालिकालाई दिइएकोमा सोही अनुरुप मदाने गाउँपालिकाले मिति २०८२/०२/१३ मा उपभोक्ता समितिसँग योजना सम्झौता गरेको, आ व २०८१/८२ मा भुक्तानी हुन नसकेको सो योजनाको विषयलाई नियमानुसार भुक्तानी दिने भनी मदाने गाउँपालिकाले आ व २०८२/८३ मा गौमुखी गाउँपालिकासँग साझेदारी टोप्रे गुफा प्रवर्द्धन योजना शिर्षकमा रु १० लाख विनियोजन समेत गरेको, आ व २०८१/८२ को भुक्तानी बाकीको खाता/कच्चावारी १८ नं फारम नभएकोले भुक्तानी दिन कानूनी स्पष्टता नभएकोले भुक्तानी हुन नसकेको र बाँकी काम सम्पन्न गरी भुक्तानी दिने सम्बन्धमा हालसम्म कार्यपालिकाबाट कुनै निर्णय समेत नभएको र सोहि विषयमा कार्यपालिकाको विभिन्न मितिमा विविध विषय अन्तर्गत छलफल हुँदा नियमानुसार गर्न विभिन्न निकायसँग राय लिने भन्ने आदेशानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बुटवल कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयसँग राय मागिएकोमा हालसम्म पनि कुनै स्पष्ट राय / मार्गनिर्देश प्राप्त नभएकोले भुक्तानी दिने स्पष्ट कानूनी आधार नभएको अवस्थामा आ.व. २०८१/८२ को दररेटको आधारमा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी दिएमा कार्यपालिका नै स्वयम जिम्मेवार रहने गरी मार्ग प्रशस्त गर्नुपर्ने रहेको हुँदा कार्यपालिकाको आदेशानुसार भुक्तानी दिने निर्णय सर्व-सम्मत पारित गरियो।

११.मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १८ (आ.व. २०८२/०८३) को मिति २०८३/०३/०२ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

मदाने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुर्कोटदह, गुल्मी लुम्बिनी प्रदेश,नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष